दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०१ | बुटवल | २०८१ कार्तिक २३, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Nov.08, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## यू-१९ महिला क्रिकेटमा नेपाल विजयी



बुटवल । नेपालले आइसीसी यू-१९ टी-२० विश्वकपको एसियाली छनोटमा लगातार दोस्रो जित हात पारेको छ । बिहीबार भएको खेलमा नेपालले कुवेतलाई एक सय ८ रनले पराजित गर्यो ।

एक सय ३१ रनको लक्ष्य पाएको कुवेतले २२ रन मात्र जोड्न सक्यो । कुवेत १३ ओभरमा अलआउट भएको थियो । नेपालकी रचनाकुमारी चौधरी र सिमा केसीले २/२ विकेट लिए । कुवेतका ६ जना ब्याटरले खाता खोल्न सकेनन् ।

यसअघि पहिलो खेलमा नेपालले थाइल्यान्डलाई ६७ रनले हराएको थियो । कुवेतविरुद्ध ब्याटिङमा नेपालका पूजा महतोले ३४, साना प्रभिनले २५ र ज्योत्सिन्का मरासिनीले २३ रन जोडेका थिए ।

पूजा महतो, कृष्मा गुरुङ र मनिषा उपाध्यायले समान १ विकेट आफ्नो नाममा गरे । त्यसअघि अजमानस्थित द सेभेन्स स्टेडियममा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ८ विकेटको क्षतिमा १ सय ३० रनको योगफल तयार पारेको थियो । नेपालका लागि पूजा महतोले सर्वाधिक ३४ रनको योगदान दिइन् । सना प्रधानले २५ रन थपिन् । ज्योत्सिना मरासिनी २३ र अलिसा यादव १५ रनमा पेभेलियन फर्के ।

नेपालले २४ गते युएई र २५ गते पुनः थाइल्यान्डसँग खेल्नेछ । चार टोली सहभागी छनोटमा हरेक टोलीले ६ खेल खेल्नेछन् । डबल लिग फर्म्याटमा हुने लिगपछि शीर्ष स्थानमा रहने टोलीले सन् २०२५ मा मलेसियामा हुने आईसीसी यू१९ विश्वकपमा स्थान बनाउनेछन् ।

यू-१९ विश्वकप जनवरी १८ देखि फेब्रुअरी २ सम्म मलेसियामा हुनेछ । एसिया क्षेत्र छनोटको शीर्ष स्थानमा रहने टोलीले अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्ड रहेको समूह डीमा स्थान बनाउनेछ ।

## एमालेबाट मन्त्री बनेका अधिकारीमाथि मानव तस्करीमा छानवीनको माग



बुटवल । नेकपा माओवादी केन्द्र संसदीय दल कोशीले नेकपा एमालेबाट प्रतिनिधित्व गरेका निवर्तमान मन्त्री लिलाबल्लभ अधिकारीको जापान भ्रमण प्रकरणका विषयमा छानबिन गर्न माग गरेको छ ।

माओवादीले सो प्रकरण मानव तस्करी तथा सरकारी कागजात किर्तेलगायतको विषयमा जोडिएको भन्दै गम्भीर छानबिनको निम्ति सरकारको ध्यानाकर्षण गराएको छ ।

माओवादी कोशी प्रदेश संसदीय दलका सचेतक गीता तिमल्सिनाले विज्ञप्ति जारी गर्दै भ्रमणपछि आएको र त्यससँग सम्बन्धित सार्वजनिक भएका विषयप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएकी छन् ।

विज्ञप्तिमा कूटनीतिक मर्यादाको उल्लंघन गर्दै प्रदेश सरकारको मन्त्री विदेश भ्रमणमा जानु र मानव तस्करी जस्तो गम्भीर अपराधमा संलग्न हुनुले सिंगो प्रदेशवासीको शिर निहुरिएको उल्लेख छ ।

विज्ञप्तिमा जिम्मेवार मन्त्री सरकारी कार्यक्रमको नाममा सामान्य प्रक्रियासमेत पूरा नगरी विदेश भ्रमणमा जाँदा मुख्यमन्त्री प्रदेश सरकार कसरी बेखबर रहे ? मन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिसँगै मानव तस्करहरुको गिरोहमार्फत् सरकारी कागजात किर्ते गरेका व्यक्तिहरु जापान प्रवेश गर्न खोज्नु गम्भीर विषय रहेको उल्लेख छ ।

तिमल्सिनाले सो घटनाबारे एक सातासम्म प्रदेश सरकार रमिते बन्नु खेदजनक भएको भन्दै राजीनामा गराएर उन्मुक्ति दिने प्रयास गरिएको आशंका बढेको बताएकी छन् ।

# धुमधामले मनाइयो छठ



**मोहम्मद हबिब**

*भैरहवा*

नेपाली हिन्दुहरुको दोस्रो महान पर्व यमपञ्चक (तिहार)को समापनसँगै तराईका जिल्लासहित रुपन्देहीको भैरहवा आसपास छठपर्व हर्षोल्लासका साथ मनाइएको छ । मिथिलाञ्चलवासीको महान् पर्व तथा आस्थाको रुपमा मानिने छठ पर्व भैरहवा, बुटवलमा पनि धुमधामका साथ मनाइएको हो ।

सूर्यको उपासना गरी मनाइने छठ पर्व भैरहवा तथा आसपासका वासिन्दाले बिगत ५ दशक बढी देखि नेपाली सेनाको काली भक्ती गणमा अवस्थित छठमाई पोखरीमा सामूहिक रुपमा मनाउँदै आएता पनि हाल केही वर्षदेखि गल्लामण्डीमा रहेको हनुमान मन्दिर परिसरमा रहेको छठ पोखरीमा पनि मनाइँदै आएको छ । यसका साथै भैरहवा आसपास डण्डा नदी बसन्तपुर, नौडिहवा, गोनाहिया, बेथरीलगायतका जलाश्यमा पनि छठ पूजाको लागि टेन्ट र पण्डालले पोखरीहरूलाई विशेष रूपले सजाइ छठ पूजा गरिएको छ । केहीले घरमा नै जलाशय स्थापन गरी पूजा गरेका छन् ।

यस्तै बुटवलको सुन्दरनगरस्थित तिनाउ नदी किनारमा धुमधामका साथ छठ पर्व मनाइएको छ ।

छठ पर्वलाई नै लक्षित गरी केही दिनदेखि छठ पूजाका सामग्रीको जोहोका लागि किनमेलमा व्यस्त थिए । तराई-मधेसका प्रमुख बजारसाथ साथै सिमापरि सुनौली, फरेनिया, नौतनवा र कोल्हुइसम्म नेपालीहरु छठ पूजाका लागि चाहिने सामग्री, हरिया तरकारी र फलफूल किन्नेको चहलपहल रहेको थियो । खासगरी छठ पूजामा छठी मातालाई अर्पण गरिने प्रसादमा विभिन्न प्रकारका फलफूल स्याउ, केरा, सुन्तला, पानी भएको नरिवल, उखु, हरियो तरकारी, सिङ्गडा, मूला, अदुवाको बोट त्यस्तै माटाका भाडो तथा बाँसका सामग्री खरिद गरिन्छ । यि सामान किन्न भैरहवाको मुख्यबजारमा पनि उस्तै भीड रहेको थियो भने विगतका भन्दा महँगा पनि भएको उपभोक्ताहरुले गुनासो गरे ।

भक्तजनहरुको सुविधाका लागि पोखरी सफा गरी सजावट, सुरक्षा र प्राथमिक उपचारको पनि व्यवस्था गरिएको छठ पूजन समिति सिद्धार्थनगरका संयोजक आनन्दप्रसाद गुप्ताले बताए । श्रदालु भक्तजनहरुका लागि विगत केही वर्षदेखि २ ठाउँमा पूजा गर्ने व्यवस्था गरेका छौं । हजारौं भक्तजनहरुले पूजा गरिसकेको उनले बताए ।

मूलतः तराईवासी र मैथिल समाजले मनाउने विशेष चाडको रुपमा रहेको यो पर्व भैरहवा क्षेत्रका बासिन्दाले पनि मनाउने क्रम बढ्दो छ । पूजा गर्नका लागि भक्तजनहरुले करिब १ हजार वेदी बनाएको श्रीराम जानकी हनुमान मन्दिर व्यवस्थापन समितिका छठ पूजा समिति संयोजक नरेन्द्र रौनियारले बताए ।

श्रीराम जानकी हनुमान मन्दिर ३ बिघा ३ कठ्ठा १७ धुरको क्षेत्रफलमा फैलिएको छ । यहाँ विगत ८ वर्षदेखि छठपूजा हुँदै आएको छ । ३ वटै पोखरीमा ताजा पानी राखि पूजाको व्यवस्थापन गरिएको उनले जनाए ।

यो पर्वमा चोखो र शुद्धतामा अन्यन्तै ध्यान दिने गरिन्छ साथै विधि र विधानले छठपूजा गरिए सम्पूर्ण कष्ट हटेर जान्छ भन्ने जनविश्वास पनि छ । जसका लागि अस्ताउँदो र उदाउँदो सूर्यलाई आराधाना गरिन्छ । मधेसी समुदायले मात्र मनाउने यो पर्व पछिल्लो समय पहाड एवं हिमाली क्षेत्रमा पनि मनाउन थालिएको छ ।

कार्तिक शुक्ल पक्षको चौथी तिथि मंगलबारको दिनबाट छठपर्व विधिवतरूपमा सुरु भई आज शुक्रबार उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न हुन्छ । छठी माईका नाममा ब्रत र सूर्यको आराधना गरी तराईमा मनाइने छठ पर्व रुपन्देही जिल्लाभरका प्रायः सबै क्षेत्रका जलाशयमा धुमधामका साथ मनाउने गर्छन् ।

यो पर्व मनाउँदा चर्मरोग निको हुने, पुत्रलाभ, आर्थिक समृद्धि तथा सुख, शान्ति प्राप्त हुने जनविश्वास छ । पहिलो दिन व्रतालुहरु नुहाई धुवाई गरी चोखो भई आफैं तयार गरेको स्वच्छ सफा सात्विक भोजन(खाना) गरेर वर्त बसिन्छ, जसलाई अरबाइन वा अरबा पनि भनिन्छ ।

त्यसतै 'खरना' भनिने दोस्रो दिन दिनभर व्रतालुहरु उपवास निराहार बसेर साँझको समयमा छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरिन्छ र राति अरवा अरबाइन (नुन नहालेको) खानेकुरा रोटी, खीर, नैवेद आदि शान्तमय वातावरणमा भोजन गरी आफ्ना साखासन्तानलाई 'खरना'को प्रसाद वितरण गर्ने चलन छ ।

छठ पर्वको तेस्रो तथा मुख्य दिन बिहीबार षष्ठी तिथिमा सफा बस्त्र लगाई गहुँ/चामल ओखल जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाजर, बेसारको गाँहो, अदुवा, भोगटे, उखु, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्गलो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, र मिठाइसहितका प्रसादहरुलाई बाँसले बनाइएको ढक्की नाङ्लो आदिमा राखेर जलाशयको छेउमा गएर व्रतालुहरु पानीमा बसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ्य अर्पण गरिन्छ ।

सप्तमी तिथि अर्थात् चौथौ र अन्तिम दिन शुक्रबार बिहानै पुनः छठ घाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रातःकालीन उदाउँदो सूर्य र षष्टी मातालाई दोस्रो अर्घ्य दिई छठ सम्पन्न गरिन्छ ।

» बाँकी ३ पेजमा

## लुम्बिनी सरकारको बजेट खर्च ९ प्रतिशत मात्रै

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा जम्मा ९ दशमलव ४३ प्रतिशत बजेट खर्च गरेको छ । पुँजीगततर्फ ८ प्रतिशत र चालुतर्फ ११ दशमलव ६८ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनीले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि लुम्बिनी प्रदेश सरकारले ३८ अर्ब ९७ करोड रुपैयाँ बजेट ल्याएकोमा साउनदेखि असोज मसान्तसम्म तीन अर्ब ६७ करोड ५९ लाख रुपैयाँ अर्थात् ९ दशमलव ४३ प्रतिशत खर्च गरेको देखिन्छ ।

पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकोमा एक अर्ब ९९ करोड ५२ लाख ६२ रुपैयाँ समीक्षा अवधिमा खर्च भएको छ, जुन ८ दशमलव १२ प्रतिशत हुन्छ । चालुतर्फ १४ अर्ब ३८ करोड ४१ लाख रुपैयाँ बजेट रहेकोमा एक अर्ब ६८ करोड ६ लाख अर्थात् ११ दशमलव ६८ प्रतिशत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

असोज मसान्तसम्म प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले जम्मा ६.०८ प्रतिशत बजेट खर्च गरेको छ । जसमा पुँजीगत ५ दशमलव ६४ प्रतिशत र चालुतर्फ १५ दशमलव ९० प्रतिशत खर्च भएको छ । प्रदेशको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको पुँजीगत खर्च ७ दशमलव ९० प्रतिशत हुँदा चालुतर्फ १७ दशमलव २४ प्रतिशत खर्च भएको छ ।

खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको पुँजीगत खर्च ९ दशमलव १० प्रतिशत हुँदा चालुमा १३ दशमलव ३९ प्रतिशत बजेट खर्च भएको देखिन्छ । स्वास्थ्य मन्त्रालयको पुँजीगततर्फ २५ दशमलव ९६ प्रतिशत बजेट खर्च भएको छ । यो मन्त्रालयले चालुतर्फ १३ दशमलव ५१ प्रतिशत बजेट खर्च गरेको छ ।

त्यस्तै, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले पहिलो त्रैमासिक अवधिमा पुँजीगततर्फ १० दशमलव ५५ प्रतिशत खर्च गर्दा चालुतर्फ ८ दशमलव ५७ प्रतिशत बजेट खर्च गरेको छ । उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको पुँजीगत खर्च शून्य दशमलव ७७ प्रतिशत छ । चालुतर्फ भने ९ दशमलव ८४ प्रतिशत बजेट खर्च भएको छ ।

सामाजिक विकास मन्त्रालयको पुँजीगत खर्च १ दशमलव १३ प्रतिशत रहँदा चालुतर्फ ९ दशमलव ८२ प्रतिशत बजेट खर्च गरेको छ । वन तथा वातावरण मन्त्रालयको पुँजीगततर्फ जम्मा १ दशमलव ६१ प्रतिशत बजेट खर्च भएको छ । चालुतर्फ भने १५ दशमलव ७९ प्रतिशत खर्च भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ३ महिनामा १ दशमलव ६४ प्रतिशत पुँजीगत खर्च गर्दा चालु खर्च ६ दशमलव ९९ प्रतिशत छ ।

सरकारले पुँजीगत बजेट आर्थिक वर्षको अन्तिमतिर खर्च गर्ने परिपाटीका कारणले पनि आर्थिक वर्षको पहिलो त्रैमासमा खर्चको अवस्था कमजोर देखिएको छ ।



## सम्पादकीय

# आशा जगाउने काम

लुम्बिनी प्रदेश सरकार गठनको सय दिन पुगेको अवसरमा मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार गठनको एक सय दिनको एक सय एक उपलब्धि सार्वजनिक गरेका छन् । प्रदेश मुकाम राप्ती उपत्यका देउखुरीमा गत साता पत्रकार सम्मेलन गरेर मुख्यमन्त्रीले सार्वजनिक गरेका कतिपय बुँदाले शासन प्रणाली प्रति नै आशा जगाउने खालका छन् । मुख्यमन्त्रीले कार्यभार सम्हालेदेखि नै सरकारको काम कारबाहीलाई मितव्ययी बनाउने प्रयास गरेका छन् ।

पूर्व विशिष्ट पदाधिकारीको नाममा दिईँदै आएको सेवा सुविधा सवारी, इन्धन, मर्मतलगायत फिर्ता गराउने निर्णय कार्यान्वयन भएको छ । लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना प्रदेश सरकारबाट स्वीकृत भएको छ । कार्ययोजनामा नैतिकता र सदाचारिता प्रवर्द्धनसम्बन्धी विभिन्न ११ वटा प्रमुख विषयक्षेत्र, सो अन्तर्गतका रणनीति, रणनीति कार्यान्वयनका लागि १०० बढी क्रियाकलाप, जिम्मेवार निकाय, नतिजा सूचक र कार्यान्वयन संयन्त्र समावेश गरिएको छ। प्रदेश सरकारका मुख्यमन्त्री रमन्त्रीहरुका लागि आचारसंहिता जारी गरी लागू गरिएको छ। सुशासन र सदाचारिता प्रवर्द्धनका लागि अनियमितता नियन्त्रण, भ्रमण कार्यको व्यवस्थापन, सार्वजनिक, पदीय एवं पेशागत आचरणका विविध व्यवस्थाहरु आचारसंहितामा समावेश गरिएको छ। प्रदेश सरकारबाट प्रदेश मन्त्रालय/निकायका लागि १४ बुँदे निर्देशन जारी गरी कार्यान्वयनमा गइसकेको छ। प्रदेश मन्त्रालय/निकाय तथा कार्यालयबाट प्रवाह गरिने सेवाको प्रभावकारिता अभिवृद्धि, आर्थिक गतिविधिमा मितव्ययिता, सूचना व्यवस्थापन, गुनासोको प्रभावकारी सम्बोधन, सार्वजनिक जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ निर्देशन जारी गरिएको छ। समय पालनाको संस्कृतिलाई मुख्यमन्त्री आफैँबाट सुरुवात गरिएको, सरकारी सवारीसाधनसम्बन्धी प्राप्त पदीय सुविधालाई औचित्यपूर्ण एवं विवेकसम्मत प्रयोग गर्ने संस्कृति मोडेलको रुपमा विकास गर्ने कार्यको थालनी भएको छ। सरकारी कार्यक्रम गर्दा सरकारी हलको प्रयोग गर्ने, भ्रमणका क्रममा सरकारी आवासको प्रयोग गर्नेलगायतका कार्यलाई उच्च प्रतिबद्धताका साथ पालना गर्नुले शासन प्रणालीप्रति नागरिकको विश्वास जगाएको छ । स्वागत, बिदाई, आतिथ्यता ग्रहणजस्ता समारोहमा खादा, मालाको प्रयोगलाई पूर्णरुपमा निषेध गर्नु पनि सकारात्मक छ।

यो सय दिनमा प्रदेश सरकारप्रति नागरिकमा बढ्दै गएको निराशा र नकारात्मक मनोविज्ञानलाई चिर्ने प्रयास भएको छ। प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार सफल भएको छ। यद्यपी अझैँ सरकारले नीतिगत र कानुनी सुधार तथा शासकीय सुधारका धेरै काम गर्न बाँकी छ। शासकीय सुधारमा ध्यान नजाँदा नागरिकमा वितृष्णा बढेको छ। यातायात व्यवस्था कार्यालयमा दुई वर्षभन्दा धेरै भयो, नागरिकले सवारी चालक अनुमति पत्र नविकरण गरेर पाउन सकेका छैनन्। प्रदेश सरकार मातहतका विभिन्न कार्यालयको अझैँ पनि वेबसाइट छैनन्। ती कार्यालयको वेबसाइट निर्माणमा सरकारको ध्यान पुगेको छैन । अब ती काम गर्दा सरकारप्रति नागरिकको विश्वास अझैँ बढ्छ।

सय दिनका उपलब्धिले प्रस्थान राम्रै भएको संकेत दिएको छ , यद्यपी आगामी दिन चुनौतीपूर्ण छन्। चुनौतीसँग जुधेँर अघि बढ्ने सामर्थ्य हुनुपर्छ।

# वर्तमान सरकारको सय दिन



विनबहादुर कुँवर

*उनका सहयोगीका रुपमा केही व्यक्तिहरु त्यही बस्ने प्रयासका कारण अहिले उनीहरुलाई नेपाल प्रहरीले गिरफ्तार गरी छानविन गर्न थालेको समाचार बाहिर आएको छ। सम्बन्धित मन्त्री जुन एमाले प्रदेश सभासद हुन् र उनले अहिले मन्त्री पदबाट राजीनामा गरिसकेका छन्। अब छानविन गर्दै जाँदा कतै उनी पनि पूर्व मन्त्री टोपबहादुर र बालकृष्ण अनि हालकी उपसभामुख अमृता राना जस्तै मानव तस्करमा मुछिने त होइनन् ? जे होस् यो सबै कुनै एक व्यक्ति, एक दल विशेषको कुरा मात्रै नभएर यो सिंगो राज्य व्यवस्थाको राजनीतिक चरित्र नै हो। यही प्रसंगमा माथि उल्लेखित केही उदाहरणसहित वर्तमान सरकारको सय दिनको समीक्षामा यसको सफलता र असफलता यसैमा आधारित छ।*

कांग्रेस-एमाले नेतृत्वको गठबन्धन सरकारको सय दिन पूरा गरेको छ। यो अवसरमा प्रधानमन्त्री केपी ओली अनि उनका सबै मन्त्रालयका मन्त्रीहरुले आआफ्नो जिम्मेवारी बमोजिमको काम कारबाहीको नतिजा के-कस्तो रह्यो ? सार्वजनिक गराइसकेका छन् । सय दिन त्यति लामो समय त होइन । यही समयमा नै सबै काम पूरा भइहाल्छ भन्ने पनि होइन । तर समग्र दिनको पहिलो झलक त्यसको बिहानीले दिन्छ भने जस्तै यो सरकारको भावी कार्यक्रम र कार्ययोजनाको पहिलो झलक चाहिँ सही दिन अर्थात् सरकार बनेको सय दिनले देखाउने गर्दछ । प्रधानमन्त्री र उनका मन्त्रीहरुले दिएको बयानले त सरकारको सय दिन हरियाली नै हरियाली छाएको अर्थात् सकारात्मक नै सकारात्मक प्रगतिमै अग्रसर भएको बुझाइएको छ । यो सरकार र सरकार पक्षधर पक्षको पाटो भयो । तर अर्को प्रतिपक्ष भने यसको ठीक विपरीत नकारात्मक नै नकारात्मक भएको प्रचारबाजी गरिरहेको छ।

संसदीय राज्य व्यवस्थामा सरकार सत्ता पक्षको र सदन प्रतिपक्षको भन्ने गरिन्छ । त्यसैले सत्तापक्षले सरकारको गुनगान र बचाउ गर्दछ भने प्रतिपक्षले त्यसको विरोध गर्दछ। सामान्य अर्थमा यो स्वाभाविक नै छ। तर यसको विकृति कहाँ छ भने सत्ता पक्षले जहिले पनि सरकारले जे गरे पनि अर्थात् जस्तोसुकै नराम्रो काम गरे पनि समर्थन नै गर्नु पर्ने कालोलाई सेतो नै भन्नुपर्ने भने त्यस्तै प्रतिपक्षले सरकारले जे गर्दा पनि विरोध नै गर्नुपर्ने अर्थात् सरकारले राम्रो काम गरे पनि नराम्रो नै भन्नुपर्ने सेतालाई कालो नै भनिरहनु पर्ने विडम्बना छ। सयौं पटक कालोलाई कालो नभनी सेतो नै भनिरहे कालो पनि सेतो भई गनिन्छ भन्ने केही झुट राजनीतिज्ञहरुको आदर्श ग्लोवयल्स शैलीलाई यो राज्य व्यवस्थाले पनि सुरुदेखि नै अंगाल्दै आएको हुनाले यसलाई धेरै जसोले झुटको राजनीति र राज्य व्यवस्था अनि झुट, ठग र बेइमानी र भ्रष्टचारीहरुले गर्ने राजनीति र व्यवस्था भन्ने गरेका छन् । कमरेड लेनिनले यो संसदीय राज्य व्यवस्था र यसको सदनलाई बाहिर खसीको टाउको देखाएर भित्रभित्रै कुकुरको मासु बेच्ने अखण्डा त्यत्तिकै भनेका थिएनन्।

यस्ता सयौं उदाहरणहरु छन्। जस्तो तत्काल चर्चित एउटा मात्र उदाहरण घण्टी पार्टीका नेता रवि लामिछानेको दिन सकिन्छ। रवि लामिछानेको सहकारी रकम अपचलन र ठगी प्रकरण अहिले मात्र देखिएको होइन । पहिलेकै पुरानो घटना प्रकरण हो। पहिले नै उनकाविरुद्ध प्रहरीमा उजुरी परेको थियो । तर यसप्रति सम्बन्धित निकाय, दल कसैले पनि ध्यान दिन चाहेनन् । उल्टै सबैले रविलाई हाईहाई नै बनाइरहे । संसदीय निर्वाचनमा पाएको उनको सफलतादेखि सबै दलहरु लोभिए। सबैले रातो कार्पेट ओछ्याई स्वागत गर्न पुगे । कांग्रेस, एमाले र माओवादी सबैको लुछाचुँडी तानातान । अन्तिममा यसमा एमाले, माओवादीले बाजी मारे। कांग्रेस हेरेको हेरै । एमाले, माओवादी र घण्टी पार्टी सत्तापक्षीय र कांग्रेस प्रतिपक्षी बने । त्यसपछि रवि बने एमाले-माओवादीबाट हाईहाई कांग्रेसबाट फेरि बाई बाई । परिणाम कांग्रेसले त्यो पहिलेको सहकारी रकम अपचलन र ठगी मुद्दालाई सदनमा उचाल्यो भने एमाले-माओवादीले त्यसलाई सामसुम पार्न खोज्यो । त्यसैलाई लिएर महिनौसम्म सदन अवरुद्ध पनि भयो।

अन्ततः त्यसको बारेमा सदनमा संसदीय छानविन समिति गठन गराई त्यसलाई टुंग्याइयो । यतिसम्म देखियो कि त्यस्तो छानविन समिति गठन गर्न समेत वर्तमान प्रधानमन्त्री केपी ओली राजी देखिएनन् । स्वयं घण्टी पार्टी र माओवादी समेत त्यसमा सहमत भइसक्दा पनि ओलीले त्यसको विरोध गरिरहे । अन्तिममा आफ्नै बफादार एमाले सांसद सूर्य थापा नै त्यसको संयोजक भएपछि मात्र त्यसमा उनी रुजु देखिए । त्यो बेलासम्म जसरी हुन्छ रविलाई जोगाउनमा नै ओली केन्द्रित थिए। संसदीय छानविन समितिको जालो बुनेर कांग्रेसलाई त्यत्तिकै अल्मलाउने र रविलाई जोगाउने षड्यन्त्रमै उनी तल्लिन भइरहे।

तर संसदीय गणित र सत्ता उल्टियो वा उल्टाइयो। कांग्रेस-एमाले सत्ताधारी बने भने एमाओवादी घण्टी पार्टीलाई प्रतिपक्षीमा पल्टाइयो । घण्टी पार्टी सामान्य प्रतिपक्षी मात्रै होइन माओवादीकै काँधमा चढी कांग्रेस-एमाले विरुद्ध जेहाद नै छेडन थाल्यो । त्यसपछि बल्ल प्रम ओली वास्तवमा रवि लामिछाने सहकारी ठग हो भन्नेमा पुगे। संसदीय छानविन समितिका सभापति सूर्य थापाको कान फुके। त्यसपछि हतार हतारमा त्यसको प्रतिवेदन सदनमार्फत् सरकारमा ल्याई पुर्‍याए । यतिसम्मकि सदनमा प्रस्तुत त्यो रिपोर्टलाई सभामुखले अध्ययन नै नगरी तत्काल त्यसलाई सरकारलाई सुम्पिहाले । हुँदाहुँदा केही दिन पहिले रवि निर्दोष भएको वकालत गर्दै हिंड्ने प्रम ओलीले अहिले त्यही प्रतिवेदनको आधारमा रविलाई ठगी प्रकरणमा गिरफ्तार गरी प्रहरी हिरासतमा बयानका लागि थुनिराखेका छन्।

यसकाविरुद्ध अहिले रास्वपा आन्दोलनमा छ। राजनीतिक पूर्वाग्रही र प्रतिशोध भन्दै कांग्रेस-एमाले अझ बढी व्यक्तिगत रुपले प्रम ओलीको विरुद्ध खनिएको छ । हो निश्चय नै यसका पछाडि केही राजनीतिक पूर्वाग्रह र प्रतिशोध छ नै। जुन माथि भनिसकियो। यतिसम्मकि कुनै बेला नेपाली कांग्रेसले समेत रवि लामिछानेलाई प्रधानमन्त्रीकै प्रस्ताव राखेको बताइएको थियो । एमालेले त रविलाई आफ्नै लालाबाला जस्तै लामो समयसम्म काखी चापी स्यारसुसार गरी नै रहयो। अब यसको अर्थ रवि निर्दोष छन् भन्ने अवश्य होइन र उनीलाई गिरफ्तार गरी थुनिराख्नु प्रम ओलीको प्रतिशोध र बदलाव हो भन्ने मात्र पनि होइन । रवि सहकारी रकम अपचलन र ठगी गरेकै छन् । ठगलाई रिपोर्ट परिसकेपछि गिरफ्तार गरी कारबाही चलाउनु सरकारको जिम्मेवारी हो। कुरा के मात्र हो भने कुनै बेला जानी बुझी पनि आफ्नो स्वार्थका लागि गलत ठग जे जस्तो भए पनि आँखा चिम्लिएर काखी च्यापी हाल्ने तर पछि स्वार्थ नमिलिसकेपछि त्यही कुरालाई उठाएर बदला लिई हाल्ने। चाहिदाको भाँडो नचाहिंदाको ठाडो यही हो यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राजनीतिको असली चरित्र।

यस्तै अर्को उदाहरण हालै मात्र सर्वोच्च अदालतले गुण्डा नाइके भनिने गण्डकी प्रदेश सांसद राजीव गुरुङ (दीपक मनाङ्गे)लाई ज्यान मार्ने प्रयत्नको अपराधको कसुरमा ५ वर्ष कैदको जरिमाना तोकिदिएको छ। यी पनि त्यस्तै गुण्डा र अपराधी कर्म गर्दै आएका व्यक्ति नै हुन् तर पार्टी निर्वाचन परिचालन र सफलताका लागि यस्ता गुण्डाहरुको सधैं आवश्यकता पर्ने हुनाले हरेक निर्वाचन अवधिमा यस्ता गुण्डाहरुका लागि रकम बढाबढको टेण्डर खुलाइन्छ । यस्तै टेण्डरमा यी गुण्डा मनाङ्गे कहिले कांग्रेस पार्टीको भने कहिले एमाले अनि कहिले माओवादीको रकम बढाबढको टेण्डरमा पर्दै आएका छन् । यी दीपक मनाङ्गे त एउटा सामान्य रकम बढाबढको टेण्डरमा पर्ने गुण्डा मात्र नभएर उनी त एउटा चर्चित राजनीतिक पद प्रतिष्ठा र सम्मान बढाबढ टेण्डरमा पर्ने गुण्डा नाइके पो हुन् । त्यसैले यिनी कहिले कांग्रेसको तर्फबाट सभासद र मन्त्री बने भने कहिले एमाले र माओवादीको कोटाबाट । अहिले पछिल्लो कालमा यिनी माधव-झलनाथ र घनश्यामको नेकपा (एस) को तर्फबाट गण्डकी प्रदेश सभासद हुँदै गण्डकी प्रदेश मन्त्री नै बनेका थिए। तर यी गुण्डा नाइके अहिले सर्वोच्चको निर्णयअनुसार पाँच वर्षे कारागारमा कैदी जीवन बिताउनु पर्ने हुन्छ । कस्तो विडम्बना ! यी नेपालका राजनीतिक दल र यी दल नेताहरुको यो चरम उपयोगवादी निलज्जता ? यस्तै निलज्जता फेरि ख्याति प्राप्त विद्वान डा. बाबुराम भट्टराईको पनि छ। कुनै एक प्रसंगमा उनीले पनि यिनै गुण्डा नाइकेलाई गुन लगाउँदै भनेका थिए- रत्नकार डाकु पनि वाल्मिकी ऋषि बन्न सके भने यी पनि नेपालका एउटा ठूलो राजनीतिक नेता किन बन्न नसक्ने ? अचम्म छ ! सयौबार यो बुर्जुवा संसद र संसदीय राज्य व्यवस्थाको विरोध गरी न थाक्ने र १० वर्षे महान माओवादी जनयुद्धको सञ्चालन गरी आएका कुनै बेलाका माओवादी नेता क. बाबुराम भट्टराईको अभिव्यक्ति ! आखिर दिशाको झिंगा दिशामा नै रमाउँछ भने जस्तै यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्थामा पसिकेपछि सबै नेता, गुण्डा, ठग, दलाल, सामन्ती, चोर, तस्कर, भ्रष्टाचारी सबै एउटै समान।

यस्तै अर्को जुन नक्कली भुटानी शरणार्थीकै घटना प्रसंग जस्तै पनि अहिले चर्चामा छ । कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री लीलाबल्लभ अधिकारी मन्त्री परिषद्को स्वीकृति नलिई कुनै काम विशेषले जापान जाने क्रममा उनका सहयोगीका रुपमा केही व्यक्तिहरु त्यही बस्ने प्रयासका कारण अहिले उनीहरुलाई नेपाल प्रहरीले गिरफ्तार गरी छानविन गर्न थालेको समाचार बाहिर आएको छ। सम्बन्धित मन्त्री जुन एमाले प्रदेश सभासद हुन् र उनले अहिले मन्त्री पदबाट राजीनामा गरिसकेका छन् । अब छानविन गर्दै जाँदा कतै उनी पनि पूर्व मन्त्री टोपबहादुर र बालकृष्ण अनि हालकी उपसभामुख अमृता राना जस्तै मानव तस्करमा मुछिने त होइनन् ? जे होस् यो सबै कुनै एक व्यक्ति, एक दल विशेषको कुरा मात्रै नभएर यो सिंगो राज्य व्यवस्थाको राजनीतिक चरित्र नै हो। यही प्रसंगमा माथि उल्लेखित केही उदाहरणसहित वर्तमान सरकारको सय दिनको समीक्षामा यसको सफलता र असफलता यसैमा आधारित छ।

# सहकारी विशेष वक्तृत्वकला




देवदह। रुपन्देहीको देवदहमा आर्थिक विकासमा सहकारीको भूमिका विषयक नगरस्तरीय अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ।

पल्लवी बचत तथा ऋण सहकारी संस्था देवदहको १३औं स्थापना दिवसको अवसरमा उक्त प्रतियोगिताको आयोजना गरेको हो । पल्लवी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो वार्षिक स्थापना दिवसको अवसरमा हरेक वर्ष शैक्षिक गतिविधि तथा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछ।

प्रतियोगितामा देवदह क्षेत्रमा रहेका ११ वटा विद्यालयको सहभागिता रहेको थियो । प्रतियोगितामा बुद्ध पब्लिक आवासीय माध्यमिक विद्यालयका दिक्षा केसी प्रथम, देवदह माध्यमिक विद्यालयका रेविका नेपाली द्वितीय, देवदह बोर्डिङ्ग स्कुलका शिखर पाण्डे तृतीय र न्यू लुम्बिनी बोर्डिङ्ग स्कुलका खुसी घर्ती सान्त्वना भएका छन् ।

प्रतियोगितामा विजेताले नगद ५ हजार, द्वितीयले नगद ३ हजार, तृतीयले नगद २ हजार र सान्त्वना हुनेले नगद १ हजारसहित शिल्ड मेडल प्राप्त गरेको सहकारीका व्यवस्थापक केशव आर्चायले जानकारी दिए । प्रतियोगितामा शैक्षिक व्यक्तित्व चन्द्रकान्त पराजुली, गोपिकृष्ण भण्डारी, कविता पन्थीले निर्णायकको भूमिका निर्वाह गरेका थिए।

विजेता विद्यार्थीहरुलाई पुरस्कार प्रदान गर्दै देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गले बेला बेलामा हुने यस्ता प्रतियोगिताले विद्यार्थीहरुमा रहेको प्रतिभा प्रस्फुटन गर्न मद्दत मिल्ने बताइन् । उपप्रमुख गुरुङ्गले आर्थिक विकासमा सहकारीहरुको महत्वपूर्ण योगदान रहेको बताउँदै हरेक नागरिक सहकारीसँग जोडिन आवश्यक रहेको बताइन्।

पल्लवी बचत तथा ऋण सहकारी संस्था देवदहका अध्यक्ष प्रमोद खनालको अध्यक्षता, कोषाध्यक्ष जगन्नाथ अधिकारीको स्वागत, व्यवस्थापक केशव आचार्यको सञ्चालनमा भएको कार्यक्रममा संस्थापक अध्यक्ष खुमप्रसाद भण्डारीलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

# आँखाको दृष्टि नस्ट गर्ने जलबिन्दु के हो, किन हुन्छ ?



कहिलेकाहीँ प्रकाशमा हेर्दा इन्द्रेणीजस्तो देखिने, टाउको दुख्ने, वाकवाक लाग्ने, धमिलो देखिनेजस्ता समस्या देखिन सक्छन् । यस्ता लक्षण देखिए निको भइहाल्छ नि भनेर बेवास्ता गर्नु हुँदैन। आँखामा लाग्ने रोग जलविन्दुका कारण यस्तो भएको हुन सक्छ।

**के हो जलबिन्दु ?**

मानिसको स्वस्थ आँखामा एक प्रकारको तरल पदार्थ (एक्युस ह्युमर) उत्पन्न हुन्छ । यदि, यसको उत्पादन या प्रवाहमा अवरोध आयो भने आँखाको गेडीभित्र थुनिन्छ र आँखामा दबाब बढ्न थाल्छ । यो दबाबले आँखाले मस्तिष्कमा संकेत पठाउने नसालाई नष्ट गर्छ । यो नसा संवेदनशील भएकाले अलिकति दबाब पर्दा पनि यसले काम गर्न छोड्छ। जसले गर्दा दृष्टि कमजोर हुन्छ। समयमै उपचार भएन भने सधैंका लागि दृष्टि गुम्न पनि सक्छ।

एकपटक दृष्टि गुमिसकेपछि फर्काउन गाह्रो हुन्छ । यो रोग सामान्यतः ४० वर्षभन्दा बढी उमेरका व्यक्तिमा लाग्छ। तथ्यांकअनुसार यो रोग १ सय जनामा २ जनालाई लाग्छ।

**जलबिन्दु हुने कारण**

- वंशाणुगत
- उच्च माइनस तथा प्लस पावरको चश्माको प्रयोग
- आँखाको चोटपटक
- आँखाको औषधि आफूखुशी प्रयोग

कुनै मानिसमा भने लक्षणबिनै यो समस्या देखिन्छ । केहीमा भने एक्कासी आँखाको प्रेसर बढ्दा आँखा दुख्ने, टाउको दुख्ने, आँखा रातो हुने, आँखा देख्न नसक्नेजस्ता लक्षण देखिन्छन्। कुनै व्यक्तिमा प्रेसर बढे पनि सुरुमा थाहा हुँदैन। तर, अत्यधिक प्रेसर बढेपछि टाउको दुख्ने, धमिलो देखिने, प्रकाशमा हेर्दा इन्द्रेणीजस्तो देखिने हुन्छ।

रोग पहिचान गर्न गाह्रो हुने भएकाले धेरै मानिस दृष्टि गुमिसकेपछि मात्र अस्पताल आउने गर्छन्।

आँखाको प्रेसर १४ देखि २० सम्मलाई नर्मल मानिन्छ। तर, यत्तिकैमा ढुक्क भने हुन सकिँदैन। आँखाको प्रेसर नर्मल देखिएका व्यक्तिमा पनि जलबिन्दु रोग लाग्न सक्छ।

**जलबिन्दु २ प्रकारका हुन्छन्:**

१. क्लोज एंगल (बन्द कोण)
२. ओपन एंगल (खुला कोण)

आँखाको चाप बढाउने अन्य कारण पनि हुन्छन्। जस्तै, मधुमेह, थाइराइड ग्रन्थीको अल्पविकास, आँखामा चोटपटक, आँखाको कुनै शल्यक्रिया आदि । वंशाणुगत कारणले कुनै बच्चा जन्मँदा नै जलबिन्दु भएका हुन्छन्। यस्तो अवस्थामा आँखाको पानी जम्ने बाटो पूर्णरुपमा विकास नभएको हुन्छ।

क्लोज एंगल जलबिन्दुलाई उच्च दूरदृष्टि भएका मानिसलाई हुन्छ। खासगरी पुरुषभन्दा महिलालाई बढी यो रोग लाग्ने जोखिम हुन्छ।

ओपन एंगल जलबिन्दुमा आँखाको चाप बिस्तारै बढिरहेको छ भने स्नायुहरु पूर्णरुपमा क्षति हुँदासम्म कुनै लक्षण देखिँदैन। यस्तो बिरामीले केही अँध्यारोमा हेर्दा भने आफ्नो दृष्टि क्षय भएको थाहा पाउँछन् र चम्किलो बत्तीमा आँखा बढी संवेदनशील हुन्छन्।

**जन्मजात जलबिन्दुका लक्षण**

यदि, बच्चाको आँखाको आकार सामान्यभन्दा बढ्दै आइरहेको जस्तो लागे, धमिलो हुने, आँशु बगिरहने, उज्यालोमा खेल्न नसक्नेजस्ता लक्षण देखिए बाबुआमाले तत्काल डाक्टरकहाँ पुर्‍याउनुपर्छ।

**कस्ता मानिसलाई जलबिन्दु हुने खतरा हुन्छ ?**

- ४० वर्षभन्दा बढी उमेर भएमा र नियमित रुपमा आँखाको परीक्षण नगराएको भएमा,
- परिवारमा कसैलाई जलबिन्दु भएमा,
- मधुमेहको समस्या भए या उच्च अदूरदृष्टि भएमा,
- लामो समयदेखि स्टेरोइड समूहका औषधि प्रयोग गरिरहेमा, आदि।

स्वास्थ्य खबरबाट

# मानवसेवा आश्रमलाई खाद्यान्न र न्यानो कपडा वितरण



बुटवल । रुपन्देही व्यापार संघको रजत महोत्सव साताव्यापी कार्यक्रमअन्तरगत पहिलो दिन बिहीबार मानवसेवा आश्रम बुटवलको सुख्खानगर र तिलोत्तमाको पश्चिम पहुनीमा आश्रीत २ सय जनालाई खाद्यान्न तथा न्यानो कपडा वितरण गरिएको छ।

तिलोत्तमाको पश्चिम पहुनीमा रहेको मानवसेवा आश्रममा आयोजित खाद्यान्न तथा न्यानो कपडा वितरण कार्यक्रमको सुभारम्भ तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण पानसमा बत्ती बालेर गरेका थिए।

सो अवसरमा बोल्दै नगर प्रमुख खाँणले मानवताको सेवा जीवनको सर्वोत्तम कार्य भएको बताउँदै समाजमा हराउँदै गएको मानव सेवाभावलाई जागृत गर्ने गरी आश्रममा रुपन्देही व्यापार संघले आयोजना गरेको सहयोगको कामले सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे।

नगरप्रमुख खाँणले खस्कदो आर्थिक अवस्थामा पनि आर्थिक सहयोगको झोला बोकेर संघसंस्थाहरु समाजमा सक्रिय रहेको हुँदा त्यसमा सहयोगी बनेर स्थानीय सरकार सधैं साथमा रहने प्रतिबद्धता जनाए।

कार्यक्रममा संघका पूर्व अध्यक्ष मोतीलाल पाण्डेले मानवसेवा आश्रम सञ्चालनका लागि भएको कामको स्मरण गर्दै आश्रममा रहेर जीवन बिताउँदै गरेका दिनदुःखीहरुलाई सेवा गर्ने अवसर पाएकोमा खुशी व्यक्त गरेका थिए।

संघका अध्यक्ष दिपकप्रसाद अधिकारीले संघले सामाजिक उत्तरदायित्वअन्तरगत यस प्रकारका कार्यक्रमहरु आयोजना गरिँदै आएको उल्लखे गर्दै भोलीका दिनमा पनि मानवसेवा आश्रममा जोडिएर काम गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यक्रममा आश्रमकि प्रदेश संयोजक सरु अधिकारीले समाजका हरेक वर्गको माया, सहयोग र उत्प्रेरणाले आश्रितहरुको सेवा गर्न पाएको बताउँदै धेरै काम गर्न बाँकी रहेको हुँदा सहयोागका हातहरु अगाडि बढाउन आग्रह गरिन।

संघका महासचिव फर्सुराम पन्थको सञ्चालन तथा कार्यक्रम संयोजक अर्जुन भट्टराईको स्वागतमा भएको कार्यक्रममा फेन्सी थोक वस्तुगत समिति, थान कपडा वस्तुगत समिति, व्याग वस्तुगत समिति र न्यूशिख होजियारी उद्योगको सहयोग र सहकार्य रहेको थियो।

संघ यही कात्तिक २८ गते संस्था स्थापना भएको २४ वर्ष पूरा भई २५ वर्षमा प्रवेश गर्दैछ। त्यस अवसरमा संघले यहि कात्तिक २२ देखि २८ गतेसम्म विभिन्न कार्यक्रम गरी रजत महोत्सव मनाउन लागेको छ।

साताव्यापी कार्यक्रमको पहिलो दिन २२ गते बिहीबार मानवसेवा आश्रम बुटवलको सुख्खानगर र तिलोत्तमाको पश्चिम पहुनीमा आश्रीत २ सय जनालाई खाद्यान्न तथा न्यानो कपडा वितरण गरिएको छ भने २३ गते शुक्रबार रुपन्देहीमा व्यापारको इतिहास र वर्तमान, सम्भावना र चुनौती विषयमा अन्तरमाध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने।

२४ गते शनिबार संघसंस्थाबिच मैत्रीपूर्ण फूटसल प्रतियोगिता तथा २५ गते आइतबार संघमा गठित बस्तुगत उप-समितिबिच मैत्रीपूर्ण व्याडमिन्टन प्रतियोगिता, २६ गते रक्तदान कार्यक्रम, २७ गते लुम्बिनी प्रादेशिक अस्पतालका बिरामीलाई फलफूल वितरण गरिने कार्यक्रम रहेको छ।

कार्तिक २७ गते प्रभातफेरी कार्यक्रम गरिने छ भने सोही दिन रुपन्देहीमा स्थानीय प्रदेश तथा संघीय सरकारका योजना, लक्ष्य तथा यसले पार्ने प्रभाव विषयक गोष्ठी आयोजना गरिँदैछ। रजत महोत्सवअन्तरगतको मूल कार्यक्रम कार्तिक २८ गते मंगलबार आयोजना गरिदनेछ।

# माओवादी सकार बनाउने र ढाल्ने खेलमा लागेको छैन :उपाध्यक्ष श्रेष्ठ



पाल्पा । नेकपा माओवादीका वरिष्ठ उपाध्यक्ष तथा पूर्व उप-प्रधानमन्त्री नारायणकाजी श्रेष्ठले माओवादी सरकारमा जाने कुनै पनि लाइन नभएको बताएका छन् । पाल्पामा पार्टी कार्यकर्तासंगको भेटघाट कार्यक्रममा बोल्दै पूर्व उप-प्रधानमन्त्री श्रेष्ठले माओवादी सरकार बनाउने र भत्काउने पक्षमा नलाग्ने, बरु जनताको समस्याको पक्षमा निरन्तर आवाज उठाउने अभियानमा लागेको बताए । माओवादीले अब तत्काल एकता गर्न सम्भव हुनेहरुलाई एकता गरी अगाडि बढ्ने, समाजवादी मोर्चालाई पनि एकसाथ अगाडि बढाउने र जिल्ला प्रदेशस्तरमा सरकारको विरुद्धमा खबरदारी सभा गर्ने उपाध्यक्ष श्रेष्ठले जनाए।

माओवादीले, जस्तो सुकै ठूलो पदमा रहेपनि भ्रष्टचारीलाई कारबाही हुन्छ भन्ने उदाहरण दिँदै त्यस्ता व्यक्ति पक्राउ गरेर जेलनेल हालेकै कारण र अझैं ठूला भ्रष्टचारी पक्रने तयारी हुँदै गर्दा सरकार ढालिएको स्मरण गर्दै पूर्व उप-प्रधानमन्त्री श्रेष्ठले अब जनताले सडकबाटै खबरदारी गर्नुपर्ने समय आएको दाबी गरे। अहिले पनि ठूला भ्रष्टचारीहरु सरकार सत्ताको आडमा रमाएका छन्, दिनहुँ विभिन्न काण्डमा लागेका छन्, त्यसैले जनस्तरबाटै त्यस्ता व्यक्तिविरुद्ध आवाज उठाइ कारबाहीको दायरासम्म लैजानु पर्ने उपाध्यक्ष श्रेष्ठले कार्यकर्तासँग आग्रह गरे।

नेकपा माओवादी केन्द्रका पाल्पा जिल्ला इञ्चार्ज नेत्रप्रसाद पाण्डेयले माओवादीको नेतृत्व सरकारमा हुँदा जनतामुखी काम गरिरहेको बताए।

# सहकारीले विना आधार लगानी गर्दा ऋण असुलीमा समस्या



देवदह । नीति, विधि भन्दा बाहिर गएर शेयर सदस्य बनाउने होडवाजीका कारण केही सहकारीहरुमा समस्या सृजना भएको रुपन्देहीको देवदहमा आयोजित एक कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका छन् ।

उनीहरुले सहकारी संस्थाहरुले विना आधार लगानी गरेका कारण अहिले ऋण असुलीमा समस्या भएको बताएका छन् । पल्लवी बचत तथा ऋण सहकारी संस्था देवदहले आफनो १३औं स्थापना दिवसको अवसरमा आयोजित वर्तमान अवस्थामा सहकारीमा अवसर र चुनौती विषयक सहकारी अन्तर्क्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले उक्त कुरा बताएका हुन्। कार्यक्रमका वक्ताहरुले एउटै प्रकृतिका सहकारीबिच एकीकरण जान सकेमा केही समस्याहरु समाधान हुनेमा जोड दिएका थिए।

उनीहरुले उनीहरुले नेपाल सरकारले अगाडि सारेको एक सदस्य एक सहकारीको अवधारणालाई आत्मसाथ गर्न आवश्यक रहेको औंल्याएका थिए । उनीहरुले स्थानीय तहले यस क्षेत्रमा रहेका सहकारीहरुको अनुगमन गरी नियमन गर्नुपर्नेमा जोड दिएका थिए।

उनीहरुले सहकारीहरुले उत्पादन क्षेत्रमा लगानी गर्नुपर्ने बताउँदै उत्पादन लागत घटाउनको लागि सहकारीहरुले पहल गर्न आवश्यक रहेको औंल्याएका थिए । सोही अवसरमा बोल्दै देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले रोजगार सृजना गर्ने गरी सहकारीहरुले योजना बनाउन आवश्यक रहेको बताए।

उनले यस क्षेत्रमा रहेका सहकारीहरुको अनुगमन गरी सहकारीमा भएका समस्या समाधान गर्न नगरपालिका तयार रहेको बताए । उनले धेरै सहकारीहरु नीति, विधिभन्दा बाहिर गएर काम गरेका कारण समस्या आएको भन्दै नीति र विधिमा रहेर सहकारी सञ्चालन गर्नु पर्नेमा जोड दिए।

पल्लवी बचत तथा ऋण सहकारी संस्था देवदहका अध्यक्ष प्रमोद खनालको अध्यक्षतामा भएको कार्यक्रममा सहकारी महासंघका सञ्चालक टिका न्यौपाने, नेफस्कुन लुम्बिनी प्रदेशका महासचिव ऋषिराम सापकोटा, जिल्ला सहकारी संघ रुपन्देहीका कोषाध्यक्ष सुवकान्त न्यौपाने, जिल्ला सहकारी संघ रुपन्देही सदस्य मोतीलाल ढकाल, सहकारी सञ्जाल देवदहका अध्यक्ष जागेश्वर पंगेनी, दिवाकर अधिकारी, खुमप्रसाद भण्डारी, गोविन्द ठड्राई, शिव पाठक, मीना पौडेल, देवी अधिकारी, सुशिला अर्याल, सृजना मरासिनी, वाल्मीकी पराजुलीलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

सञ्चालक सदस्य पूर्णकली खरेलको स्वागत, उपाध्यक्ष कृष्णप्रसाद गैरेको धन्यवाद ज्ञापन र कोषाध्यक्ष जगन्नाथ अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# चौबिस वर्षपछि हरिबोधनी एकादशी मेलाको तयारी

बागलुङ। कुनै समय एकादशीको दिन बागलुङस्थित निरयघाटको कालीगण्डकी किनारामा लाग्ने हरिबोधनी एकादशी मेला २४ वर्षयता भने सञ्चालनमा छैन। त्यसताका उक्त मेलामा हजारौंको भीड लाग्ने गर्दथ्यो। किनमेल तथा भेटघाटका लागिसमेत उक्त मेला प्रसिद्ध थियो। हजारौंले नागरिकले डोलामा तोरण बोकेर मेलामा लगिने र मेलाको अवसरमा कालीगण्डकीमा तार्ने परम्परा धेरैको आकर्षणको केन्द्र थियो तर शान्ति सुरक्षा र द्वन्द्वका कारण २४ वर्षयता मेला हुनसकेको छैन।

पछिल्लो सयम भने यहाँका स्थानीय अगुवाहरूले मेला आयोजना गर्न चासो देखाएका छन्। त्यसका लागि हरिबोधनी एकादशी मेला संरक्षण समिति गठन गरिएको छ। उक्त समितिका अध्यक्ष रमेश राजभण्डारीले औपचारिक रूपमा करिब २४ वर्षसम्म रोकिएको मेला यस वर्षबाट सुनः सञ्चालन गर्ने गरी तयारी सुरु भएको जानकारी दिए। उनले यही कात्तिक २७ गते कालीगण्डकी किनार निरयघाटमा हरिबोधनी एकादशी मेला लाग्ने बताए।

"विसं २०५७ सालमा जिल्ला प्रशासनले नै शान्ति सुरक्षाको चुनौती देखाएर मेला बन्द गरेपछि त्यसयता उक्त स्थानमा मेला लाग्न सकेको छैन। एकादशीको दिन कालीगण्डकीमा नुहाउन जाने परम्परा रहे पनि संस्थागत रूपमा मेला सञ्चालन हुननसकेपछि पहिलेकै अवस्थामा मेला आयोजना गर्ने हाम्रो योजना छ। त्यसका लागि बुधबारबाटै कालीगण्डीमा तान्ने तोरण बाट्न सुरु गरिएको छ, उक्त दिन व्यक्तिगत रूपमा समेत तोरण लिएर आउन आग्रह गरिएको छ। बाबियो र कुशबाट बनाइने तोरण एक सय ८ मिटरभन्दा बढी लामो हुनेछ। तोरणलाई वैदिक रूपमा निर्माण गरिनेछ।"-अध्यक्ष राजभण्डारीले भने।

विसं २०५७ सालअघि एक युवाको छुरा प्रहार गरी हत्या प्रयाससमेत भएपछि रातिमा लाग्ने मेला क्रमशः हराउँदै गएको जानकारहरू बताउँछन्। रातभर जाग्राम बसेर भजनकृतन गर्ने र बिहान कालीगण्डकीमा स्नान गर्ने, तोरण तान्ने र पूजाअर्चना गर्ने, किनमेल गर्ने हरीबोधनी एकादशी मेलालाई २४ वर्षपछि आयोजना गर्न विभिन्न उपसमितिसमेत गठन गरिएका छन्।

आरती वाचक तथा गायक रमेश खड्काले पुर्खौंदेखि लाग्दै आएको मेला नेपालकै ठूलो मेलामध्येको एक रहे पनि पछिल्लो समय हराउँदै गएकामा सबै जनाको सल्लाहबमोजिम पुनः सुरु गर्न लागिएको सुनाए। मेलाको अवसरमा कालीगण्डकी पुजन, कालीगण्डकी सरसफाइ र दीपसमेत प्रज्वलन गरिने छ।

यही २६ गते तोरणलाई बागलुङ बजारमा शोभायात्रासहित परिक्रमा गर्ने र २७ गते कालीगण्डकी नदी किनार निरयघाटमा तोरणसहित प्रस्थान गरिने योजना छ। मेला, धार्मिक पूजा, तोरण तान्नेलगायतका क्रियाकलाप सञ्चालन गर्न यस वर्षबाट सुरुआत गरिएको उद्योग वाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेलले जानकारी दिए। आफ्नो धर्म, संस्कृति र परम्परालाई आगामी दिनमा पर्यटनसँग जोड्नका लागि मेलालाई २४ वर्षपछि निरन्तरता दिन थालिएको उनले बताए।

# दुर्गा प्रसाईले दुर्गा राइड-शेयरिङ्ग ल्याउँदै

काठमाडौं। राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाऔं अभियानको नाममा राजनीतिक गतिविधि अघि बढाइरहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले राइड-शेयरिङ्ग प्लेटफर्म 'दुर्गा' ल्याउने तयारी गरेका छन्।

हाल बजारमा रहेका पठाओ, इन्ड्राइभ जस्ता चलेका राइड-शेयरिङ्ग प्लेटफर्मले कमिसनका रूपमा दैनिक तीन चार करोड नेपाली रुपैयाँ विदेश लगिरहेकोले त्यसलाई रोक्न आफूले 'दुर्गा' राइड-शेयरिङ्ग ल्याउन लागेको प्रसाईंले जानकारी दिए।

नेपाली मोटरसाइकल तथा ट्याक्सी चालकहरूका लागि शून्य कमिसनको साथमा राइड-शेयरिङ्ग प्लेटफर्म सुरु गर्न लागेको जानकारी दिए। नेपाली ट्याक्सी चालक र बाइक राइडरहरूको सशक्तीकरण गर्ने उद्देश्यले नयाँ राइड शेयरिङ्ग प्लेटफर्मको काम अघि बढाएको तीन चार महिनापछि सुरु गर्ने प्रसाईले बताए।

'दुर्गा' मा चालकहरूका लागि जीवनभर रजिस्ट्रेसन शुल्क र कुनै कमिसन शुल्क नलाग्ने उनले बताए। यो कदमले देशभरका ट्याक्सी चालक र दुई लाखभन्दा बढी बाइक राइडरहरूलाई फाइदा पुऱ्याउने लक्ष्य लिएको उनले बताए। 'अहिले पठाओवालाहरुले दैनिक कमिसनको नाउँमा दैनिक तीन चार करोड नेपालीको पैसा विदेश लगिरहेका छन्। नेपालको पैसा नेपालमै राखौं, नेपालीहरूले नेपालमै व्यापार गर्नुपर्छ, नेपाल हाम्रो हो, नेपाल नेपालीले चलाउनुपर्छ भन्ने योजना हो।'-प्रसाईले भने।

उनले अहिले पठाओ, इन्ड्राइभ स्थापित भए पनि तिनीहरूलाई चुनौती दिँदै दुर्गाले मोटरसाइकल चालक र ट्याक्सी चालकलाई राहत दिने र नेपाली पैसा विदेश जानबाट रोक्ने बताए।

सो प्लेटफर्मको आधिकारिक घोषणा मङ्सिर ७ मा काठमाडौँमा आयोजना हुने सभामा गर्ने तयारी गरिएको छ।

**धुमधामले...**

ज्योतिष शास्त्रका अनुसार छठ पर्वको समयमा ब्रह्माण्डमा सूर्य दक्षिणतिर भएकाले कन्या राशि स्थित हुन्छ र यस मनोमुग्धकारी समयमा सूर्यको प्रकाश सबैभन्दा प्रखर प्रभावकारी र मानवका लागि आल्हादकारी हुन्छ । सूर्यको प्रभाव पृथ्वीमा पर्ने भएकाले सूर्यको किरण र पृथ्वीको उर्वरशक्तिले मात्र सम्पूर्ण जीव जीवात्माका जीवन सम्भव भएकाले पनि प्राचीन समयदेखि नै ऋषि महर्षिले पृथ्वीलाई धरणी र सूर्यलाई ग्रहणी भन्दै यिनका महिमालाई नतमस्तक भई स्वीकार गरेका छन् । ऋग्वेदमा सूर्य नै बल यश चक्षुस्रोत, आत्मा र मन भएको कुरालाई ध्यानमा राख्दै श्रद्धालुहरुले पनि सोही कुराको प्राप्तिका लागि यो पर्वमा पूजापाठ गरी मनोवगत फल प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास छ।

इसा पूर्वमा आदिकालमा सति अनुसूयाले रोगग्रस्त पतिलाई निको हुनका लागि भगवान सूर्य र षष्ठी देवीको पूजा आराधना गरेको प्रसंग जोडिएको छ । त्यसैगरी महाभारतकालमा द्रौपतिसहित पाण्डवहरुले अज्ञात बासमा रहँदा गुप्तबास सफल होस् भनी सूर्यदेवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन छ।

**मानविय सेवा हाम्रो सहकार्य**

## मानिस हराएको सूचना

रूपन्देही जिल्लाको कञ्चन गाउँपालिका वडा नम्बर ५ उत्तर भैसाही दुर्गा मन्दिर टोल बस्ने ६२ वर्षका निलो ज्याकेट, कालो पाईण्ट र कालो चप्पल लगाएका र गहुगोरो वर्ण र ५ फिट अग्लो भएका मेघबहादुर विश्वकर्मा यहि मिति २०८१ कार्तिक १३ गते मंगलबार बिहान ९:३० बजेदेखि हराएको हुँदा भेटाउनु हुने अथवा देख्नुहुने महानुभावहरुले निजको श्रीमती निमकला विश्वकर्मा र दाजु मानबहादुर विश्वकर्मा वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।
सम्पर्क मोबाइल ९८१०२७०५२०/९७६६६४६०६२
निजलाई फेलापारी हामीलाई सम्पर्क गर्नु हुने वा नजिकैको प्रहरी कार्यालय मार्फत सम्पर्क गराउनु हुने सहयोगी महानुभावहरुलाई पुरस्कार सहित सम्मान गर्ने छौं।

## हिमालयन लाईफ

**प्रधान कार्यालयः मनकामना मार्ग काठमाडौं, नेपाल**
**फोन नं.: ०१-५९७००५७, पो.ब.नं. २५९७९**

**हकदारी सम्बन्धी सूचना**

**यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएको विमालेखका बिमितिले बिमालेख हराएको/नासिएकोले प्रतिलिपि विमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाणसहित हकदावी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो अवधिभित्र दावी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि विमालेखा जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।**

**तपशील**

| क्र.सं. | विमालेख नं. | विमितको नाम | फोन नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | GLI 0005042 | हरि प्रसाद बस्याल | 9857046341 | सुनवल-४,न.प. (बसुप) |

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना, कार्यान्वयन एकाइ**
**भैरहवा, रुपन्देही**

## Knowledge Center सञ्चालनका लागि परामर्श सेवामा विज्ञ जनशक्ति लिने सम्बन्धी सूचना

**विज्ञापन नं. १/२०८१/०८२**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०७/२३**

यस परियोजना कार्यान्वयन एकाइ अन्तर्गत लुम्विनी प्रदेशका लागि आवश्यक पर्ने देहाय बमोजिमको पदमा योग्य उम्मेदवारबाट खुला प्रतिष्पर्धाद्धारा परामर्श सेवामा विज्ञ नियुक्ति गर्नु पर्ने भएकोले दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। उक्त पदमा आवेदन दिन इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा यस परियोजना कार्यन्वयन एकाइमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि र अनुभवको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। म्याद नाघि वा रित नपुगेको आवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

| क्र.स. | पद | संख्या | आवश्यक योग्यता/अनुभव | कार्य विवरण/ कार्य स्थल |
|---|---|---|---|---|
| १ | वाली विज्ञ | १ (एक) | सम्बन्धित विषयमा स्नातक तह उर्तिण गरी कम्तिमा ३ बर्ष सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा स्नातकोत्तर तह उर्त्तीण गरेको हुनुपर्ने छ। | TOR मा उल्लेख भए अनुसार परियोजना समन्वय एकाइले तोकेको जिल्लामा रही लुम्विनी प्रदेशभर सेवा दिनु पर्ने छ। |

**अन्य विवरण**

- दरखास्त दिने अन्तिम मितिः २०८१/०७/२९ गतेसम्म।
- सेवा सुविधा तोकिए बमोजिम हुनेछ।
- दरखास्त दस्तुर रु. १०००।- लाग्ने छ।
- सम्पर्क नम्बर ९८५७०१७३८१, ०७१-५८७००६, ०७१- ५७०९१७
- छनौटको किसिमः कम्प्युटर सिप परिक्षण, प्रस्तुति र अन्तर्वार्ता
- परियोजना कार्यान्वयन एकाइ, रुपन्देही प्राप्त आवेदन सहित संलग्न प्रमाण पत्र लगायत कागजातको रुजु मुल्यांकन गरी कम्प्युटर सीप परिक्षण, प्रस्तुती र अन्तर्वार्ताको लागि छनौट भएका योग्य उम्मेदवारहरुको नामावली कार्यालयको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिनेछ।
- TOR कार्यालयको वेभसाइटः piurupandehi.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**नारायण काफ्ले**
**बरिष्ठ कृषि अधिकृत**

**ट्वाइलेट सफा गराउनुहोस्**

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**प्रविधिले किसानलाई सहज:**
पाल्पाको रामपुर नगरपालिका-५, बेभ्काडस्थित खेतमा थ्रेसर मेसिनमार्फत् धान झार्दै किसान। गाउँघरमा थ्रेसर भित्रिएपछि किसानलाई धान स्याहार्न सजिलो भएको छ। तस्विरः सुशीला रेग्मी/रासस

# सामाजिक कामका लागि मगर महिलाको भैलो




बुटवल। नेपाल महिला मगर संघ बुटवल ११ इकाई समितिले सामाजिक कामका लागि देउसीभैलो खेलेको छ।

महिलाहरु मात्र आबद्ध टोलिले मौलिक संस्कृतिका गीत, नृत्य प्रस्तुत गरेको नेपाल महिला मगर संघ बुटवल ११ इकाई समितिका कोषाध्यक्ष एवं भैलो संयोजक खिमा पुनले जानकारी दिइन्।

उनले भैलोबाट संकलित रकमबाट महिलाहरुका लागि विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिने बताइन्।

भैलो खेलेर वनभोज जाने र रमाइलो गर्ने परिपाटीलाई चिर्दै विशुद्ध सामाजिक कार्यका लागि नेपाल महिला मगर संघ बुटवल ११ इकाई समितिले काम गरिरहेको उनले बताइन्।

# पाल्पामा 'हेरिटेज राइड सञ्चालन हुने




**कृष्ण पोखरेल**
*तानसेन*

पाल्पामा यही कार्तिक २३ गते शुक्रबार र २४ गते शनिबार दुई दिने 'हेरिटेज राइड' सञ्चालन हुँदैछ। पाल्पा साइक्लिङ संघको आयोजनामा जिल्लामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने गरी 'सम्पदा साइकल राइड' आयोजना हुने भएको हो। संघले पाल्पालाई साइक्लिङ गन्तव्यको रुपमा विकास गर्ने मुख्य उद्देश्यका साथ देशभरीका साईकलयात्रीहरुको पाल्पामा जमघट गराई हेरिटेज राइड सञ्चालन गरेको जनाएको छ। हेरिटेज राइडको सम्पूर्ण तयारी पूरा भएको पाल्पा साइक्लिङ संघले पत्रकार सम्मेलन गरी जानकारी गराएको छ। राइडको लुम्बिनी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री प्रचण्ड विक्रम न्यौपानेले शुभारम्भ गर्नेछन्।

पहिलो दिन कार्तिक २३ गते बिहान ७ बजेबाट तानसेनको टुँडिखेलबाट सुरु हुने हेरिटेज राइड, भिमसेन टोल, नारायण मन्दिर, अशनटोल, मखनटोल हुँदै पाल्पा दरबार संग्रहालय, ऐतिहासिक धार्मिक पर्यटकीयस्थल भैरवस्थान, रिब्दिकोटको हार्थोक, देउराली हुँदै ख्याहाको देवदत्त पार्क सेल्फीडाँडा लिस्नेभिर, कुमाल बस्ती जोगिथुम हुँदै रुरु क्षेत्र रिडीमा पुगी बास बस्ने छन्।

दोस्रो दिन रुरु क्षेत्रका ऐतिहासिक धार्मिक पर्यटकीय स्थलहरुको अवलोकन गर्दै ऋषिकेशव मन्दिरबाट साइक्लिङ यात्रा सुरु गरेर अर्गलीबाट कालीगण्डकी करिडोर हुँदै रानीमहल, रानीमहलबाट हात्तीढुङ्गा, अवल, नारायणडाँडा हुँदै गोर्खेकोटबाट तानसेनमा आई समापन हुनेछ। रानीमहलबाट तानसेन आइने समया अवलदेखि गोर्खेकोटसम्म राइड अप सञ्चालन गरिने र उत्कृष्ट हुनेलाई विशेष किसिमको उपहार प्रदान गर्ने कार्यक्रम समेत आयोजकले बनाएको छ।

साइकल यात्राको लागि १ सय ५० जना यात्रुहरु पाल्पा आइसकेका छन्। १४ वर्ष उमेरदेखि ६५ वर्ष उमेरसम्मका व्यक्तिहरु साइकल यात्रामा सहभागी रहेका छन्। साइकल यात्रामा २ जना अपाङ्ग, १ जना महिलाको पनि सहभागिता रहेको छ। साइकलयात्रीलाई तानसेन, ख्याहा, रिडिमा स्थानीय कला संस्कृतिबाट स्वागत गर्ने, झाँकी र्‍याली देखाउने तयारीमा स्थानीयवासीहरु जुटेका छन्। साइकलयात्राको लागि विशेषगरी स्थानीय सरकारले सहयोग गरेका छन् भने तानसेनका होटल व्यवसायीले पनि साथ दिएका छन्। साइकल यात्रामा २५ लाख रुपैयाँसम्मका साइकलहरु सञ्चालन हुने आयोजकले जनाएको छ।

साइकलयात्रीको लागि विशेष बिमाको व्यवस्था गरिएको, यात्राको क्रममा सहभागीलाई कुनै किसिमको असुविधा नहुने गरी संघले मेडिकल टिमदेखि, साइकल मर्मतसम्मको व्यवस्थापन समेत गरेको जनाएको छ। पत्रकार सम्मेलनमा पत्रकार महासंघका उपाध्यक्ष भरत शर्माले संघले सञ्चालन गरेको साइकल यात्रा कार्यक्रमबाट पाल्पाको पर्यटन विकासमा ठूलो टेवा पुग्ने, आगामी दिन पाल्पा जिल्ला साइकल गन्तव्य जिल्लाको रुपमा विकास हुने बताए।

संघका सल्लाहकार सागरमान महर्जनले पाल्पा जिल्ला साइकल गन्तव्य जिल्ला बनाउन मिल्ने सबै किसिमको वातावरण र भुगोलले साथ दिएको उत्कृष्ट स्थान भएको बताए। संघले साइकल यात्रीहरुलाई बस्ने खानेलगायतका सुविधाहरु प्रदान गरेको छ। साइकल संघ पाल्पाका अध्यक्ष रुपेश महर्जनको अध्यक्षतामा भएको कार्यक्रमा संघका सचिव विज्ञानराज बर्ज्राचार्यको स्वागत, उपाध्यक्ष अमनकाजी शाक्यको सञ्चालनमा भएको थियो। संघले आगामी वर्ष पाल्पामा साइकल रेश प्रतियोगिता पनि सञ्चालन गर्ने जनाएको छ।

# 'नागरिकमा देखिएको निरासा हटाउने काममा सरकार लागिपरेको छ'



गुल्मी। नेकपा (एमाले) का उप-महासचिव प्रदीप ज्ञवालीले नागरिकमा देखिएको निराशा हटाउने काममा सरकार लागिपरेको बताएका छन्।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) रेसुङ्गा नगरपालिकाको दोस्रो नगर अधिवेशनलाई सदरमुकाम तम्घासमा सम्बोधन गर्दै उप-महासचिव ज्ञवालीले चार महिनाको अवधिमा सरकारले महत्वपूर्ण कामको थालनी गरेको उल्लेख गरे। राजनीतिक अस्थिरता अन्त्य गर्न, ओरालो लागेका अर्थतन्त्रलाई माथि उकास्न तथा सुशासन कायम गर्ने प्रयासमा सरकार रहेको उनको भनाइ थियो।

देशको राष्ट्रिय स्वाधिनता र लोकतन्त्रको रक्षाका लागि सँगै लडेका दुई ठूला पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गरेको उप-महासचिव ज्ञवालीले बताए।

पटक-पटक सरकार परिवर्तनको खेलले मुलुकमा अस्थीरता बढेको, लोकतन्त्रप्रति जनतामा निरासा पैदा हुँदै जान थालेको अवस्थामा मुलुकमा राजनीतिक स्थायित्वका लागि सरकारले काम गरिरहेको उनले बताए।

"एमालेले सत्तामा बस्दा होस् वा प्रतिपक्षमा, चुनाव जित्दा होस् वा हार्दा सधैँ जनताको पक्षमा काम गर्दैआएको छ।"- उप-महासचिव ज्ञवालीले भने। कानुनको नजरमा सबै बराबर भएकाले गल्ती गर्नेलाई सजाय हुने उनको भनाइ थियो।

एमाले सचिव गोकर्ण विष्टले वर्तमान समयमा एमालेलाई चारैतिरबाट घेराबन्दी गर्ने र बदनाम गर्ने प्रयत्न भइरहको बताए। उनले सधैँ नकारात्मकता र निराशाले देश उभो नलाग्ने उल्लेख गर्दै पुराना पार्टीमाथि प्रश्न उठाएर देशमा नयाँ पार्टीले भ्रम पैदा गर्ने काम गरेको आरोप लगाए। बलियो जनाधार र दूरदृष्टि भएका पार्टीलाई कमजोर बनाएर मुलुकमा अस्थिरता बढाउने प्रयत्न कदापी सम्भव नहुने सचिव विष्टको भनाइ थियो।

# सयपत्री फूलको बिक्रीबाट पाँच लाख आम्दानी

वालिङ। यहाँका एक किसानले दसैँ तिहार अवधिमा सयपत्री फूल बिक्रीबाट रु पाँच लाख आम्दानी गरेका छन्। स्याङ्जाको चापाकोट नगरपालिका- १ बेलडाँडाका किसान तुल्सीराम भण्डारीले सयपत्री फूल तथा माला बिक्रीबाट पाँच लाख बढी आम्दानी गर्न सफल भएका हुन्।

उनले दसैँ तथा तिहारका अवधिमा माला एकहजार आठ सय ४५ गोटा र फूल एक हजार तीन सय ७६ केजी बिक्री गरेका हुन्। फूल बिक्रीबाट तीन लाख ४४ हजार र माला बिक्रीबाट एक लाख ४७ हजार ६०० गरी कूल चार लाख ९१ हजार ६०० आम्दानी गरेको उनले बताए।

भण्डारीले फूलका थुङ्गा प्रतिकेजी रु दुई सय ५० देखि तीन सय र माला प्रतिगोटा रु एक सय ५० सम्म बिक्री गरेका हुन्। यहाँ उत्पादन भएको फूल तथा माला भैरहवा, नारायणगढ, बर्दघाटलगायतका बजार तथा स्थानीयस्तरमा पनि खपत भएको उनले बताए।

"माग भएअनुसार माला तथा फूल उपलब्ध गराउन सकेनौँ" उनले भने- "सयपत्रीको व्यावसायिक उत्पादन तथा बजारीकरणमा सहज भयो, बजार राम्रो पायौँ।" बोटमा फूल फूल्ने क्रम जारी रहेको र मङ्सिरको महिनाभर उत्पादन लिन सकिने उनले जनाए। यहाँ उत्पादन भएको फूलको माग भैरहवाबाट आएकाले केही दिनमै पठाउने तयारी भएको व्यवसायी भण्डारीका छोरा रामचन्द्र भण्डारीले जानकारी दिए।

पेसाले कृषि प्राविधिक अध्ययन गरेका रामचन्द्रले फूलमा प्राविधिक पक्ष र बजारीकरणमा बुवालाई सघाउँदै आएका छन्।"फूलका बोटबाट अझै उत्पादन लिन सकिन्छ" रामचन्द्रले भने-"अब उत्पादन हुनेमध्येको केही फूलको माग भइआएको र केही स्थानीयस्तरमा हुने विवाह, व्रतबन्ध, पूजाआजालगायतका धार्मिक तथा मेला महोत्सवहरुमा खपत हुने छ।"

दसैँ तिहारको अवधिमा फूलको ब्यापारबाट झण्डै रु पाँच लाख आम्दानी भएको र अब बिक्री हुने फूलबाट झण्डै दुई लाख आम्दानी लिन सकिने दाबी रामचन्द्रको छ। बाँदरले अन्नबाली नष्ट गरिदिएपछि भण्डारीले विकल्पकोरुपमा फूलखेती थालेका हुन्। खेतबारीमा लगाएको अन्नबाली बाँदरले सखाप पारेपछि विकल्पकोरुपमा फूल खेती गरेका भण्डारीले यसवर्षदेखि सयपत्री फूलको व्यावसायिक उत्पादन थालेका हुन्।

"विगतमा मकै, गेडागुडी, मौसमी तथा बेमौसमी तरकारीसहितका अन्नबाली उत्पादन गर्दै आएका थियौँ," उनले भने-"पछिल्ला वर्षमा बाँदरले अन्नबाली सखापै पार्न थालेपछि अन्नबाली लगाउन छाडेर विकल्पकोरुपमा फूल खेती थालेका हौँ।" दसैँ, तिहारलाई लक्षित गरेर दुई हजार बिरुवा सयपत्री फूल रोपेका थिए। स्थानीय जलपादेवी आधारभूत विद्यालयका प्रधानाध्यापकसमेत रहेका भण्डारीले विकल्पकोरुपमा प्रयोग गरेको फूलखेतीमा बाँदरले क्षति नपुर्‍याएकाले आगामी वर्षदेखि अझैँ ठूलो परिमाणमा फूलको व्यावसायिक उत्पादन गर्ने तयारीमा रहेका छन्।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com